# कोभिड-१९ बारे अफवाह र तथ्यहरु

अकं १
मार्च, २०२०

## अफवाहहरु

शरीरमा तेल दलेर नोभल कोरोना भाइरसबाट बच्न सकिन्छ।

निमोनिया वा अन्य रोगको एन्टिबायोटिकले नोभल कोरोना भाइरसबाट जोगाउँछ।

कुकुर, विरालाजस्ता घर पालुवा जनावरले नोभल कोरोना भाइरस सार्न सक्छन्।

रुघा खोकी लागेका सबैलाई नोभल कोरोना भाइरसको सक्रमण हुन्छ।

सामाजिक संजाल अनुगमन
पत्र पत्रिका अनुगमन
समुदाय

लसुन पानी सेवन गरेर नोभल कोरोना भाइरसबाट बच्न सकिन्छ ।

कोरोनाबाट बच्न बेसार, बोझो र लसुन खानुपर्छ ।

शरीरमा अल्कोहल लगाउनाले नोभल कोरोना भाइरसबाट बच्न सकिन्छ।

नोभल कोरोना भाइरस हावाको माध्यमबाट पनि सर्छ भन्ने सुनिएको छ।

चीनबाट आएका मानिसबाट टाढा रहनुपर्छ।

चीनबाट हुलाक मार्फत आएका सामानहरूबाट नोभल कोरोना भाइरस सर्न सक्छ।

## तथ्यहरु

हटलाइन नम्बरहरू
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
९८५१२५५८३९,
९८५१२५५८३७,
९८५१२५५८३४

नेपाल रेडक्रस
११३०

- लसुन खानाले मानिसहरूलाई नोभल कोरोनाभाइरस सक्रमणलाई निको बनाएको कुनै प्रमाण छैन ।
- शरीरमा तेल दलेरे नोभल कोरोनाभाइरस मर्दैन ।
- एन्टिबायोटिकले भाइरस बिरुद्ध काम गर्दैन । त्यसैले, योग्य मेडिकल डाक्टरले नतोकेसम्म एन्टिबायोटिकलाई नयाँ कोरोनाभाइरसले गर्दा भएको रोगको रोकथाम वा उपचारको रूपमा प्रयोग गर्नु हुँदैन ।
- नियमित रूपमा र राम्ररी अल्कोहलयुक्त स्यानिटाइजरले हात सफा गर्दा वा साबुनपानीले हात धुँदा हाम्रो हातमा हुने भाइरसहरू मर्छन्। कृपया विश्व स्वास्थ सगठन द्वारा बनाइएको युटुब भिडियो हेर्नुहोस
  अल्कोहलयुक्त स्यानिटाइजर हातमा दल्ने तरिका । https://www.youtube.com/watch?v=ZnSjFr6J9HI .
  साबुनपानीले हात धुने तरिका । https://www.youtube.com/watch?v=ZnSjFr6J9HI .
- चीनबाट प्याकेजहरू प्राप्त गर्ने व्यक्तिहरू नयाँ कोरोनाभाइरसको जोखिममा छैनन्। यस अघिको विश्लेषणबाट कोरोनाभाइरसहरू चिठ्ठी वा प्याकेज जस्ता वस्तुहरूमा लामो समयसम्म बाँच्दैनन् भन्ने अवगतनै छ । तसर्थ, यी रोग सार्ने माध्यम होइनन् ।
- घरपालुवा जनावरहरू जस्तै कुकुर वा बिरालाहरूबाट कोरोनाभाइरस सरेको हालसम्म कुनै प्रमाण छैन । यद्यपि घरपालुवा जनावरहरूसँग सम्पर्क पछि साबुनपानीले आफ्ना हात धुनु राम्रो हो ।

वेबसाईट :https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019/advice-for-public/myth-busters

NEPAL